# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) धनगढी, नेपाल, माघ ०६ गते, २०७६ साल (अतिरिक्ताङ्क १०(क)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७६

खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७६" रहेको छ ।

२. खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) मा संशोधन: मूल (गठन) आदेशको दफा ३ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ१) खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख - सदस्य"

३. मूल (गठन) आदेशको दफा ४ मा संशोधन: (१) मूल आदेशको दफा ४ को उपदफा (१) को खण्ड (ज) को सट्टामा देहायको खण्ड (ज) राखिएको छ:-

"(ज) तीर्थयात्री तथा पर्यटकहरुको खाने बस्ने सुविधाको लागि पहाडी जनजीवन र संस्कृति झल्कने किसिमको ठाउँ-ठाउँमा विश्राम गृह, होटल, लज आदिको निर्माण लगायतका अन्य व्यवस्था गर्ने, गराउने।

(२) उपदफा (१) को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ:

"(ट१) धार्मिक, आध्यात्मिक, खेल पर्यटन, पर्यापर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, गराउने।"

(३) उपदफा (१) को खण्ड (ठ) पछि देहायको खण्ड (ड) र (ढ) थपिएका छन्:-

"(ड) खप्तडलाई मुख्य पर्यटकीय क्षेत्र मानी अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय क्षेत्र जोड्नका लागि योजना बनाई लागु गर्ने, गराउने ।

(ढ) समितिका अध्यक्ष तथा सदस्यहरुले निर्माण तथा अन्य योजनाहरुको अनुगमन गर्न सक्नेछन् ।"

४. <u>मूल (गठन) आदेशको दफा ६ मा संशोधन:</u> (१) मूल आदेशको दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म प्रदेश सरकारले उपदफा (२) बमोजिमको योग्यता पुगेको प्रदेशमा कार्यरत कर्मचारी मध्येबाट कुनै कर्मचारीलाई कामकाजका लागि तोक्न सक्नेछ।"

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७६।१०।०६

आज्ञाले,
डा. दीपक कुमार खराल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-